आज मिति २०७४ साल फागुन १४ गतेका दिन यस मकवानपुर गढी गाउँपालिकाको अध्यक्ष विदुर हुमागाँई ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

श्री विदुर हुमागाँई - अध्यक्ष

श्री हकेमाया रुम्बा - उपाध्यक्ष

श्री आइत सिं लो - कार्यपालिका सदस्य

श्री बखान सिं पाख्रिन "

श्री भागवत घिमिरे "

श्री राम प्रसाद तिमल्सीना "

श्री जित बहादुर घिमिरे "

श्री टिका प्रसाद दाहाल "

श्री सूर्य बहादुर रुम्बा "

श्री कुमार सिं घिसिङ "

श्री सुरेन्द्र सुनार "

श्री चिनीमाया लुङ्वा "

श्री निर्मला विश्वकर्मा "

श्री मञ्जु योन्जन "

श्री बुद्धिमाया योन्जन "

श्री पातलीमाया गोले कार्यपालिका सदस्य

श्री भिम बहादुर थीमाए सदस्य सचिव

श्री

प्रमाणित

मकवानपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
कार्यपालिकाको वैठकका कार्यसूचि
मिति : २०७४।११।१४ गते

**<u>वैठकका प्रस्तावहरु</u>**

१. गाउँ शिक्षा समितिमा सदस्य मनोनित सम्वन्धमा ।

२. मकवानपुरगढी गाउँपालकाको योजना तथा कार्यक्रम,कार्यान्वय र फरफारक कार्यविधि, २०७४ स्वीकृत सम्वन्धमा ।

३. सूचना,प्रेसविज्ञिप्ती तथा अन्य महत्वपूर्ण जानकारी तथा सूचना जारी गर्दा गाउँपालिकाको निर्णय तथा आधिकारिक व्यक्तिबाट मात्र जारी गर्ने सम्वन्धमा ।

४. वडा नं ८ वुढिचौरमा रहेको ऋखेश्वर गुफाको डिपिआर तयारी सम्वन्धमा ।

५. सामरी वस्ती संरक्षणको योजना कार्यान्वयन सम्वन्धमा ।

प्रमाणित

मकवानपुरगढी गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

*निर्णयहरु*

*निर्णय नं १*

प्रस्ताव नं १ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका को शिक्षा ऐन, २०७४ को परिच्छेद ४ को दफा १५ को उपदफा(१) गाउँ शिक्षा समितिमा गाउँ कार्यपालिकाको वैठकले मनोनित गर्ने प्रावधान अनुसार मिति गाउँ शिक्षा समितिको मिति २०७४।११।०२ को वैठकको निर्णय अनुसार सिफारिस भै आएका देहाय बमोजिमको व्यक्तिहरुलाई गाउँ शिक्षा समितिको सदस्य मानोनित गर्ने निर्णय गरियो ।

*तपशिल*

**क) उपदफा (१) को ङ अनुसार सभाका सदस्यहरु मध्यबाट १ जना महिला सहित २ जना**

१. श्री मन्जु योजन्ज

२. पातली माया गोले

**ख) उपदफा (१) को (च) अनुसार समाजवेवी तथा शिक्षा प्रेमी मध्यबाट १ महिला र दलित सहित ३ जना**

१) श्री मान कुमारी नेपाली

२. श्री कल्पना श्रेष्ठ

३. दोर्जे लामा स्याङतान

**ग) उप-दफा (१) को (छ) बमोजिम गाउँपालिकाले मनोनित गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्य बाट १ जना**

१.श्री विष्णु प्रसाद दंगाल

**घ) उप-दफा (१) को (ज) बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयका प्रध्यानाध्यापक मध्यबाट १ जना महिला पर्ने गरी २ जना**

१.श्री ध्रुव भूजेल,प्र.अ. श्री भानु मावि मक्रान्चुली

२. श्री कान्ता रिजाल,प्र.अ. जनता मा.वि. सुकौरा

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

*निर्णय नं २*

प्रस्तावन नं १ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका योजना तथा कार्यक्रम कार्यान्वयन र फरफारक सम्वन्धी कार्यविधि, २०७४ पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाबाट प्रकाशित हुने सूचना, प्रेस विज्ञप्ती, आधिकारिक धारणा तथा जानकारीहरु प्रकाशन तथा प्रसारण गर्दा गाउँपालिकाको निर्णय तथा आधिकारित प्रवक्ता वा सूचना अधिकारीबाट मात्र प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफलगर्दा चालु आर्थिक वर्षकोलागि वडा नं ८ स्थित ऋखेश्वर गुफाको पर्यटन प्रवद्धन गर्न विनियोजन भएको बजेट रु. ५ लाखबाट २ लाख डिपिआर तयारी र ३ लाख को पुर्वाधार विकासको लागि खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा चालु आर्थिक वर्षको बार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजित बजेट रु. २०,००,०००।- कार्यान्वयनको लागि विशोष गरी सामरी खोलाको ओभर वर्डेनबाट प्रभावित वडा नं २, ३ र ६ वाँसपानी देखि भालुखोला सम्मको स्थानमा जम्मा भएको ओभर वर्डेन झिक्ने र सो स्थानबाट झिकिएको ढुंगा गिटि र वालुवा नजिकको बाटोहरुमा ग्राभेलिङको रुपमा प्रयोगमा ल्याउने र ग्राभेलिङ कार्यमा प्रयोग गर्न नसकिएको ओभर वर्डेनलाई नजिकको स्थानमा जम्मा गरि राख्ने गरि सो योजना कार्यान्वयन गर्न वडा नं ३,२ र ६ को वडा अध्यक्ष ज्यूहरुले विशेष पहल गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner